रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी

२०७३

पत्र संख्याः- ०७८/७९ गण्डकी प्रदेश, नेपाल

च.नं.:- मितिः २०७८/०९/२८

## रघुगांगा गाउँपालिकाबासीमा जरूरी सूचना !

कोरोना भाईरस कोभिड-१९को तेस्रो लहर बढेसंगै समाजमा सन्त्रास पनि बढ्दै गएको छ। बढ्दै गएको संक्रमणबाट जोगिन र कोभिड-१९को सङ्क्रमण रोकथाम तथा नियन्त्रण गर्न गाउँपालिकाबासी सम्पूर्ण नागरिकहरुलाई तपसिल अनुसारका स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्नु गराउनु हुन सम्बन्धित सबैमा गाउँपालिकाको तर्फबाट हार्दिक अनुरोध छ ।

तपसिल

१) कोरोना भाइरसको संभावित तेस्रो लहरबाट बच्न बचाउन स्वास्थ्य सुरक्षाका मापदण्डहरुको कडाईका साथ अबलम्बन गर्ने गराउने ।

क) सबैले अनिवार्य रुपमा मास्क लगाउने, "तापाईको मास्क खोइ?" अभियान प्रभावकारी रुपमा सञ्चालन गर्न, स्यानिटाइजरको अनिवार्य रुपमा प्रयोग गर्ने गराउने, घरबाहिरबाट फर्किसकेपछि अनिवार्य रुपमा साबुन पानीले हाल धुने, धुन लगाउने, सामाजिक दुरी कायम गर्ने गराउने, २५ जना भन्दा बढी व्यक्तिहरु भेला हुने गरी मेला, भेला तथा महोत्सवहरु आयोजना नगर्ने, नगराउने ।

ख) सार्वजनिक स्थानहरु (कार्यालय, होटेल, रेष्टुरेन्ट, सिनेमा हल) प्रवेश गर्दा अनिवार्य रुपमा कोभिड विरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भएपनि हुने) साथमा राख्ने र ती निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था मिलाउने।

२) रघुगंगा गाउँपालिकामा हालसम्म १८ वर्ष भन्दा माथिका ८५४५ जना (८६%) नागरिकहरुले दोस्रो मात्रा खोप पाएका र १२देखि १७ वर्षसम्मका १०७४ जना विद्यार्थीहरुले मोडर्ना पहिलो मात्राको खोप पाएका छन ।

३) १२ वर्ष भन्दा माथिका विद्यार्थी तथा नागरिकका लागि कोभिड-१९ रोग विरुद्ध लगाइने खोपबाट छुटेका सबैले नजिकको स्वास्थ्य चौकीमा वा महिला स्वास्थ्य स्वयसेविकालाई जानकारी गराई अनिवार्य रुपमा खोप लिनु हुन अनुरोध छ। साथै हरेक स्वास्थ्य संस्थामा नियमित रुपमा प्रत्येक महिनाको ५ गते देखि ९ गतेसम्म संचालन हुने खोप कार्यक्रममा सहभागी भै कोभिड-१९ विरुद्धको खोप लगाउन सकिनेछ ।

४) कोभिड-१९ रोगसंग मिल्दोजुल्दो लक्षण देखिएमा जतिसक्दो छिटो जिल्ला अस्पताल तथा गाउँपालिकाको कोभिड अस्पतालमा सम्पर्क गरी पिसिआर तथा एन्टिजिन परिक्षण गर्नु हुन अनुरोध छ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत